# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, फागुन ७ गते २०४२ साल ( अतिरिक्ताङ्क ५४ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा २०४२ साल फागुन ७ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. ठीक पैंतीस वर्षअघि आजकै दिनमा राजा र प्रजाको संयुक्त प्रयासबाट नेपालमा प्रजातन्त्रको प्रादुर्भाव भएको थियो । त्यसैले आजको यस ऐतिहासिक दिनमा हामी हाम्रा पूज्य जिज्यू बुबाज्यू स्वर्गीय श्री ५ त्रिभुवन तथा मौसूफको आह्वानमा सघाउ पुऱ्याउने सबै देशभक्त नेपालीहरूप्रति श्रद्धाञ्जली एवम् आभार व्यक्त गर्दछौं ।

२. आधुनिक नेपालका निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट युगको माग मात्र होइन जनआकांक्षालाई समेत बुझिबक्सेर नै नेपालको एकीकरण गरिबक्सेको थियो भने प्रत्येक नेपालीको भित्री हृदयको इच्छा बुझिबक्सेर नै स्वर्गीय श्री ५ त्रिभुवनबाट नेपालमा प्रजातन्त्र स्थापना गर्ने अभियानमा ऐतिहासिक नेतृत्व प्रदान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९९

गरिबक्सेको थियो । लोकसम्मतिको यही उच्च आदर्श अनुरूप नै हाम्रा पूज्य बुबाज्यू स्वर्गीय श्री ५ महेन्द्रबाट नेपालको भू-बनौट तथा अन्य परिस्थितिलाई बुझिबक्सेर दल-विहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सूत्रपात गरिबक्सेको थियो । यसको लगभग दुई दशकपछि लोकसम्मतिलाई बुझ्ने मनसायले नै हामीबाट पनि मुलुकमा जनमत संग्रह गर्ने घोषणा गरेका थियौं । जनमत संग्रहको परिणाम स्वरूप लोकसम्मतिको आदर्शलाई कदर गर्दै हामीले संविधानमा संशोधन पनि गर्‍यौं र बालिग मताधिकारको आधारमा राष्ट्रिय पञ्चायतको निम्ति दोस्रो आम निर्वाचन छिटै हुन लागेको कुरा सर्वविदितै छ । अब आउने यस चुनावमा पनि जनताको मत र विश्वास लिएर इमानदारीपूर्वक आफ्नो कर्तव्य पूरा गर्ने अभिभारा सबै जनप्रतिनिधिले वहन गर्न सक्नु परेको छ ।

३. लोकसम्मति नै प्रजातन्त्रको मुख्य आधार हो भन्ने कुरा नबिर्सी लोक कल्याण-कारी कार्यमा समर्पित भई अग्रसर हुन आजको दिनले सम्पूर्ण नेपालीलाई प्रेरणा प्रदान गरोस् । यही हाम्रो कामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।